# १० परमेश्वरको व्यवस्था अर्थात दश आज्ञाहरू

*यस अध्यायका मूल पदहरू:* **मत्ती ५:१७-१९, मत्ती ५:२१-४४, मर्कूस ७:९-१३, मत्ती १९:१६-२२।**

*स्मरण गर्नु पर्ने पद:* **"यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर" (यूहन्ना १४:१५ रूपान्तरित)।**

**यहूदी धर्मगुरूहरूले परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरूलाई अत्यन्त आदर गर्दथे।** तर कतिपय ती धर्मगुरू वा पण्डितहरूले व्यवस्थाको लक्ष्यलाई गलत सम्झेका थिए। परमेश्वरको व्यवस्थालाई अक्षरस पालन गरियो भने तिनीहरू सिद्ध वा धर्मात्मा हुन्छ भनेर तिनीहरू विश्वास गर्दथे। पावलले यसरी खुलासा गर्दछन्: "परमेश्वरले मानिसहरूलाई कसरी धर्मी बनाउँछन् भन्ने आत्मज्ञान तिनीहरूलाई (धर्मगुरूहरू) थाहा थिएन। तिनीहरू आफ्नै तरिकाहरू अपनाएर परमेश्वरसँग मिल्न खोज्दथे। तर तिनीहरू परमेश्वरको तरिकाचाहिँ अपनाएनन्" (रोमी १०:३ रूपान्तरित)।

येशूको तरिका वा नीति र धार्मिक पण्डितहरूको नीति बाझिएकोले बराबर उहाँले तिनीहरूसँग सवालजवाफ गर्नुहुन्थ्यो (उदाहरणमा: मर्कूस ७:१-१३)। परमेश्वरको व्यवस्थालाई आफूहरूले गलत ढङ्गमा प्रयोग गरेकै हुनाले तिनीहरूले येशूको घोर आलोचना गर्दथे र चुनौती दिन्थे। परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरूप्रति येशूको धारणा तिनीहरूले सोचेको भन्दा फरक भएकै कारणले ती धर्मगुरूहरूले उहाँसँग असन्तुष्ट व्यक्त गरेका थिए।

आफूलाई स्वामी अर्थात् धर्मात्मा फरिसी पण्डित कहलाउने मानिसहरूको नीति र व्यवहारप्रति प्रायजसो येशू किन सहमत हुनुभएन भन्ने कुरा थाहा पाउनु हाम्रो निम्ति जरुरी छ। तर येशू खुद आफूले गरिमामय दश आज्ञाहरूलाई अत्यन्त आदर गर्नुहुन्थ्यो। दश आज्ञामा भएका कुराहरूलाई उहाँले समर्थन गर्नुहुन्थ्यो भनेर स्पष्ट छ। तिनीहरूको अर्थ र लक्ष्यलाई येशूले वाख्या गर्नुभएको थियो। दश आज्ञा वा व्यवस्थालाई पूरा गर्न वा समर्थन गर्न आफू आएको हो भनेर ख्रीष्ट

आफैले ठोकुवा गर्नुभएको थियो (मत्ती ५:१७)। परमेश्वरको व्यवस्था वा दश आज्ञाको प्रभावकारिता कायमै छ भनेर देखाउने अत्यन्त महान् प्रमाण नै उहाँको मृत्यु थियो।

परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको बारेमा येशूको धारणा के छ र त्यसले हामीहरूको जीवनमा कसरी असर पार्नुपर्छ भन्ने विषय वस्तु यस अध्यायमा अध्ययन गर्नेछौं।

## १. येशूले दश आज्ञाहरूलाई परिवर्तन वा संसोधन गर्नुभएन (मत्ती ५:१७-१९)

**दश आज्ञाहरूप्रति येशूको व्यक्तिगत धारणा के थियो भनेर मत्ती ५:१७-१९ले कसरी बताउँछ? हेर्नुहोस्: १७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ।"**

बाइबलको सन्दर्भमा सामान्य रूपमा व्यवस्था भन्ने शब्द प्रयोग गर्दा बाइबलको प्रथम् पाँच पुस्तकहरू जसलाई पेन्टातक अथवा टोराहलाई जनाइन्छ। तर येशूले माथिको पदमा दश आज्ञाहरूको बिषयमा चर्चा गरिरहनुभएको देखिन्छ। जब येशूले "म व्यवस्थालाई भङ्ग गर्न आएको होइन" भन्नुभयो तब उहाँले दश आज्ञाहरूलाई खारेज गर्न आएको होइन भनेर स्पष्ट पार्नुभएको देखिन्छ। येशूले बोल्नुभएको शब्दहरूमा उहाँ होइन बरू ती यहूदी धर्मगुरूहरू नै हुन् जसले परमेश्वरकहाँ दश आज्ञाहरूलाई निकम्मा तुल्याइरहेका थिए। तिनीहरूले आफ्नै नीतिकुति र परम्पराहरूले व्यवस्थाको मर्म वा अर्थलाई परिवर्तन गरिरहेका थिए (मत्ती १५:३,६)। येशूले भन्नुभएको "पूरा गर्न आएँ"मा त्यस आज्ञाको भित्री अर्थ बुझाउँदै त्यसको पालन गर्न आफू आएको स्पष्ट गर्नुभएको थियो। उहाँको अनुकरणीय

उदाहरणद्वारा परमेश्वरको इच्छालाई सिद्ध रूपमा पालन गर्नुभनेको के हो भनेर उहाँले हामीलाई देखाउनुभएको थियो (रोमी ८:३,४ पढ्नुहोस्)। परमेश्वरका आज्ञाहरू पालन गर्नु अर्थात् उहाँको सदिच्छालाई पालन गरेर जीवन यापन गर्नु भनेको के हो भनेर कोही सिक्न चाहन्छ भने उहाँको आदर्श चरित्रलाई हेर्नुपर्दछ।

**मोशालाई सीनैको पहाडमा व्यवस्था अर्थात् दश आज्ञाहरू दिन्दै बोल्नुभएको स्वर्गदूत को हुन्? हेर्नुहोस् प्रेरित ७:३८ "यी तिनै मोशा हुन्, जो उजाड-स्थानमा भएको समुदायमा स्वर्गदूतसँग थिए, जुन स्वर्गदूतले सीनै पर्वतमा र हाम्रा पुर्खाहरूसँग बोलेका थिए, र तिनैले हामीलाई दिनका निम्ति जीवित वाणीहरू पाएका थिए।" (यशैया ६३:९ र १ कोरन्थी १०:४ पनि पढ्नुहोस्)। त्यो कुरा बुझ्नु किन जरुरी छ?**

"मरुभूमिमा हिब्रू अर्थात् इस्राएलीहरूको अगुवा येशू ख्रीष्ट नै हुनुहुन्थ्यो......उहाँले नै इस्राएलीहरूलाई व्यवस्था दिनुभएको थियो। आफ्नो पिताको व्यवस्थामा भएको दश आज्ञाहरू उहाँले अत्यन्त महिमित र गौरवमय तरिकाले सबै इस्राएलीहरूको सामु घोषणा गर्नुभएको थियो। पत्थरको दुई पाटीहरूमा दश आज्ञाहरू लेखेर मोशालाई दिनुहुने येशू नै हुनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३६६बाट रूपान्तरित।

मोशालाई सीनैको पहाडमा दश आज्ञा दिने ख्रीष्ट आफै हुनुहुन्थ्यो। त्यस आत्मज्ञानले दश आज्ञाहरू कतिको महत्त्वपूर्ण छ र त्यसलाई गम्भिररूपमा लिनुपर्छ भनेर हामीले सोच्नुपर्छ। परमेश्वरको व्यवस्था दिनुहुनेले नै सुसमाचारको पुस्तकहरूमार्फत त्यस दश आज्ञाहरूको गरिमालाई उहाँको शिक्षाहरूद्वारा वाख्या गर्नुभएको थियो। त्यही कारणले गर्दा परमेश्वरका दश आज्ञाहरूलाई हामीले पनि शिरोपर गरेर हिँड्नु जरुरी छ। कतिपय इसाईहरूको धारणा विपरित येशूको जीवन र शिक्षादीक्षमा त्यस्तो कहीँपनि उल्लेख गरिएको छैन जहाँ दश आज्ञाहरूलाई येशूले खारेज गर्नुभएको थियो। ख्रीष्ट क्रुसमा मर्नुभएपछि दश आज्ञाहरूको औचित्य समाप्त भयो भन्ने अधिकांश इसाईहरूको धारणा गलत भएको ठोकुवा गर्न सकिन्छ। इसाईहरूले दश आज्ञाहरू पालन गर्नुपर्दैन भनेर येशूले कहाँ सिकाउनुभएको वा आभास पनि

दिएको छ र? बरू येशूको आदर्श जीवन र शिक्षाहरू त्यस धारणकाको ठिक उल्टो भएको हामी पाउँछौं।

**विधिको शासन अर्थात् दश आज्ञाको गरिमामय अस्तित्व अझै कायम छ भनेर हामी स्वीकार्छौं। तर केवल त्यसलाई अक्षरस पालन गरेर हामी मुक्ति पाउँदैनौं भन्ने कुरालाई पनि हामी समर्थन गर्दछौं। गलाती ३:२१ले त्यसलाई पुष्टि गर्दछ। तर दश आज्ञाहरू र अनुग्रहको बीचमा कस्तो घनिष्ट सम्बन्ध छ भनेर हामीले कसरी बुझ्ने?**

## २. दश आज्ञाहरूको मर्म अर्थात् अर्थलाई गहिरो रूपमा येशू जानुभएको थियो (मत्ती ५:२१-४४)

दश आज्ञाहरूको स्थायित्व अर्थात् निरन्तरताको बारेमा येशूले प्रचार गर्नुभएको थियो। दश आज्ञाहरू तोड्नुहुन्न भन्ने उहाँको राय थियो। दश आज्ञाहरूलाई समेत समेटिएर येशूले डाडाँमा व्यवस्थाको बारेमा दिएको प्रवचनलाई उहाँले अगाडि बढाउनुहुन्छ। उहाँले पुरानो करारका केही व्यवस्थाहरूको उदाहरणहरूलाई प्रस्तुत गर्नुहुन्छ। दश आज्ञाहरू र अरू व्यवस्थाको बारेमा मानिसहरूले अत्यन्त गलत सम्झेका हुनाले तिनीहरूको बारेमा यथार्थ अर्थ बुझाउन अत्यन्त जरुरी भएको येशूले ठान्नुभएको थियो।

**यहूदी धर्मगुरू फरिसीहरूले सिकाएको शिक्षामा र येशूले व्यवस्थाको बारेमा सत्य अर्थ खुलाउनुभएको बीचमा भारी अन्तर थियो। त्यो अन्तर उहाँले डाँडामा दिनुभएको उपदेशमा पाउँछौं। व्यवस्थाको बारेमा वाख्या गर्दा उहाँले कुन् अधिकारबाट बोल्नुभएको थियो भनेर उल्लेख गर्नुभएको छ, सो मत्ती ५:२१-४४मा हेर्नहोस् २१ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तैंले हत्या नगर्नू', र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ। २३ "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, २४ तिम्रो भेटी त्यही वेदीको सामु छोड, र**

जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ। २५ "तिम्रो वादीसँग अदालतमा जाँदा बाटोमै मिलाप गरिहाल, नत्रता वादीले तिमीलाई न्यायाधीशको हातमा सुम्पिदेला र न्यायाधीशले अफिसरको हातमा सुम्पिदेलान्, र तिमी झ्यालखानमा पर्नेछौ। २६ साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीले एक-एक पैसा चुक्ता नगरुञ्जेल तिमी त्यहाँबाट उम्कनेछैनौ। २७ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तैंले व्यभिचार नगर्।' २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। २९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३० तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३१ "यसो पनि भनिएको छ, कि 'जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले तिनलाई त्यागपत्र लेखिदेओस्।' ३२ तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ। ३३ "फेरि तिमीहरूले सुनेका छौ, कि प्राचीन समयका मानिसहरूलाई भनिएको थियो, 'तैंले झूटो शपथ नखा, तर परमप्रभुको निम्ति गरिएको शपथ तैंले पूरा गर्।' ३४ तर म तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ। स्वर्गको नाउँमा शपथ नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, ३५ न त पृथ्वीको, किनकि त्यो उहाँको पाउदान हो, न त यरूशलेमको, किनकि त्यो महाराजाको सहर हो। ३६ आफ्नो शिरको शपथ नखाऊ, किनकि तिमीले एउटा केशलाई सेतो कि कालो बनाउन सक्दैनौ। ३७ तिमीहरूले भनेको वचनचाहिँ 'हो' भने 'हो,' 'होइन' भने 'होइन' मात्र होस्। यीभन्दा बढ़ीचाहिँ दुष्टताबाट आउँदछ।

३८ "तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला आँखा, र दाँतको बदला दाँत।' ३९ तर म तिमीहरूलाई भन्दछु,

दुष्टको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ। ४० यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। ४१ यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ। ४२ तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर। ४३ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर।"

येशूले पुरानो करारलाई उद्‌ध गर्दै व्यवस्थाको बारेमा आफ्नो जिकिर राख्नुभएको थियो (प्रस्थान २०:१३,१४, व्यवस्था ५:१७,१८, प्रस्थान २१:२४, लेवी २४:२०, व्यवस्था १९:२१)। झट्ट हेर्दा व्यवस्थासँग उहाँ असहमत भएको देखिन्छ। तर के उहाँ साँच्चिकै व्यवस्थाको खिलाफमा बोल्नुभएको थियो त? अहँ उहाँ व्यवस्थाको विरोधमा विवाद गर्नुभएको थिएन। ती धार्मिक पण्डितहरू केवल व्यवस्थाको निम्तिमात्र व्यवस्थाको पालन गरेका थिए भनेर येशूले पहिला वाख्या गर्नुभएको थियो। अनि उहाँले फरिसीहरूका शिक्षाहरू र व्यवस्थाको यथार्थ मर्म के हो भनेर प्रस्ट पार्नुभएको थियो।

यहूदी धर्मगुरू रब्बीहरूले आफूहरू धर्मगुरू भएको र आत्मज्ञान भएको हैशियतले व्यवस्थालाई वाख्या गर्ने अधिकार छ भनेर दाबी गर्दथे। तर जब येशूले बोल्नुभयो उहाँ आफै व्यवस्था दिने अधिकार भएको हैशियतले बोल्नुभएको थियो भनेर देखाउनुभएको थियो। यस अध्यायमा छ पल्ट "म तिमीहरूलाई भन्छु" भनेर आफ्नो अख्तियारलाई खुलाउँदै बोल्नुभएको थियो। परमेश्वर आफै बाहेक त्यो दाबी उचित रूपमा कसले गर्न सक्दछ र?

येशूले माग गर्नुभएको नीतिमा व्यवस्थाले देखाएको सरल शैलीभन्दा अझ गहिरो गरि जान अपेक्षा गरिएको पाइन्छ। अक्षरस नीतिमा अल्झेर होइन त्यसको मर्म जानेर हामी चल्नुपर्छ भन्ने येशूको चाहना घट्लाग्दो नै मान्नु पर्छ। मानिसहरूले धर्म कमाउनेको नाउँमा व्यवस्थालाई पालन गर्न बाहिरीरूपमा चोला परिवर्तन गरेर चल्दछन्। येशूको शिक्षामा चोला होइन तर हृदय परिवर्तन गरि व्यवस्थाको

आत्मिक पक्षलाई अंगालेर चल्नुपर्छ भन्ने नीति हामी पाउँछौं। यदि कोही मानिस परमेश्वरको व्यवस्थाको परिधिभित्र बस्न चाहन्छ वा उहाँको विधिको शासनमा बस्न दिल खोलेर बस्न चाहन्छ भने उहाँको नीतिमा हिंडाउन उहाँको आत्माले सहयोग गर्दछ। परमेश्वरको व्यवस्थाको अर्थ पवित्र आत्माले खुलाउनुहुन्छ। व्यवस्थालाई जीवित पार्न पवित्र आत्मा हामीहरूको हृदयमा क्रियाशील हुन्छ। तर परमेश्वरको आत्माको सहयोग बिना वा व्यवस्थाको मर्मलाई नबुझी केवल परम्पराको नाउँमा वा मुक्ति कमाउन व्यवस्था पालन गरेको छु भन्ने मनिस्थितिमा परमेश्वरको दश आज्ञाहरूलाई पालन गरे त्यसले मृत्युलाई निम्त्याउन सक्दछ। कारण किनभने हामी व्यवस्था पालन गरेर होइन तर अनुग्रहबाट मुक्ति पाउँछौं। हामी परमेश्वरको अनुग्रहबाट मुक्ति पाएको हुनाले नै उहाँको मार्गमा हिंड्न चाहना गर्दछौं र त्यस मार्गमा हिंड्न दश आज्ञाहरूलाई सहस्र स्वीकार गरेर त्यस अनुसार चल्न राजी हुन्छौं। आफू येशूको अनुग्रहले मुक्ति पाएको छ भनेर देखाउन नै व्यवस्थालाई पालन गरेर त्यसको यथार्थ अर्थलाई आत्मसात् गर्दै येशूभक्त चल्दछ।

**धर्मगुरू वा पण्डितहरूको भन्दाफोर येशूले आफ्ना चेलाहरूको सामु गर्नुभएको थियो। तिनीहरू कतिको ढोंगी हुन्छन्, त्यसकारण तिनीहरूको अनुसरण नगर्नु भनेर उहाँले चेलाहरूलाई अऱ्हाउनुभएको थियो। ती पण्डितका शिक्षामा भन्दापनित तिनीहरूको नियत वा मनस्थिति अर्थात् भाऊ खोज्ने प्रवृत्तिप्रति येशू असन्तुष्ट हुनुभएको थियो। उहाँले तिनीहरूप्रति उहाँको भावना मत्ती २३:२-७ र २३-२८मा यसरी व्यक्त गर्नुहुन्छः "मत्ती २३:१ तब येशूले भीड़हरू र आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः २ "शास्त्रीहरू र फरिसीहरू मोशाको आसनमा बस्तछन् ।३ यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन्। ४ तिनीहरूले गह्रौं र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्। तर तिनीहरू आफैचाहिँ ती उठाउनलाई एक औंलाले पनि छुँदैनन्। ५ "तर तिनीहरू आफ्ना सारा काम मानिसहरूलाई देखाउनलाई गर्दछन्। किनभने तिनीहरू आफ्ना निधार र नाडीमा व्यवस्था-पत्री ठूला बनाउँछन्, र आफ्ना वस्त्रका झुम्काहरू**

लम्म्याउँछन्, ६ भोजहरूमा तिनीहरू सम्मानका स्थान र सभाघरहरूमा प्रमुख आसनहरू मन पराउँछन्, ७ बजारहरूमा अभिवादन खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन्।... २३ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। २४ अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ। २५ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन्। २६ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस्। २७ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू चून लाइराखेका चिहानहरूजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू र सबै अशुद्धताले भरिएका हुन्छन्। २८ यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ।" हामी येशूभक्त भनेर कहलाउनेहरूले पनि ती फरिसी पण्डितहरूको धरापमा नपरी परमेश्वरको व्यवस्थालाई हृदयदेखि पालन गर्न कसरी कदम चाल्ने? ती धरापबाट उम्कन परमेश्वरको सदाशयता र अनुग्रहलाई अझ राम्ररी कसरी बुझ्ने? (हामीहरूको गौरब परमेश्वरको अनुग्रहमा हुनुपर्छ हामीले व्यवस्था पालन गर्नेमा होइन तर उहाँको अनुग्रहले नै हामी उद्धार पाएका छौं र उहाँलाई प्रेम गर्छौं त्यसकारण उहाँको नीतिमा चल्न हामी हृदयदेखि चाहना गर्दछौं। परमेश्वरको व्यवस्थाले परमेश्वर र मानिस, मानिस र मानिसको बीचमा सम्बन्ध कस्तो हुनुपर्छ देखाउँछ। त्यो सम्बन्ध सुमधुर राख्न व्यवस्थालाई हृदयंगम गर्दछौं।–अनुवादकको टिप्पणी)।

## ३. येशू र सातौं आज्ञा (मत्ती ५:२७,२८)

मत्ती ५:२७ र २८मा परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरूको मर्म र अर्थलाई येशूले कसरी स्पष्ट पार्नुभएको थियो? उहाँले

२९ र ३० पदहरूमा के भन्नुभएको छ? उहाँले दिनुभएको नीतिमा हामी कसरी चल्ने? हेर्नुहोस्ः “२७ “तिमीहरूले यसो भनेको सुनेका छौ, ‘तैंले व्यभिचार नगर्।’ २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। २९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३० तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ।"

माथिका पदहरूमा येशूले दुई आज्ञाहरूको बारेमा चर्चा गरिरहनुभएको थियो, ती हुन्ः सातौं र दशौं। जब सम्म येशूले व्यभिचारको बारेमा खुलस्त गर्नुभएन तबसम्म व्यभिचार गर्नु भनेको अरूको श्रीमतीसँग शारीरिक लसपस गर्नुमात्रै हो भनेर इस्राएलीहरूले बुझेका थिए। तर व्यभिचार गर्नुभनेको अशुद्ध चहना र अरूप्रति कामबासना जगाउनु पनि हो भनेर येशूले वाख्या गर्नुभएको थियो।

उदाहरणै दिएर येशूले पद २९ र ३०मा उहाँको नीति स्पष्ट पार्नुभएको थियो। ती पदहरूलाई अक्षरस पालन गरेर कतिपय मानिसहरूले आफ्नो अङ्गहरू काट्नु नै फायदा हुन्छ भनेर तर्क गर्लान्। खीष्टको अनन्त राज्यमा जान अपाङ्ग भएर जानुनै बेस हुन्छ भन्ने सोचमा कतिपय इसाईहरू नपरेको होइन। तर के उहाँले हामी अङ्गभङ्ग वा अपाङ्ग हुनुपर्छ भनेर साँच्चिनै भनिरहनुभएको हो त? यदि हो भने त्यो आचरण मोशाको नीतिको विरुद्धमा सरासर गएको देखिन्छ (लेवी १९:२७,२८, २१:१७-२०)। तर येशूले आत्मसंयमको बारेमा बोलीरहनुभएको थियो। हामीहरूको सोच र चाहनालाई हामीहरूले नियन्त्रणमा राख्नुपर्छ भन्ने उहाँको जिकिर थियो। आँखा र हात काट्नु भनेर येशूले भन्नुभएको कुराको अर्थ हो, खास गरेर हामीहरूको निर्णय र कामलाई सम्हाल्नुपर्छ र शैतानले ल्याउने प्रलोभन वा खराब मन खेलाउने र पाप गर्ने क्रियाकलापहरूबाट हामी सुरक्षित हुनुपर्छ।

फरिसी पण्डितहरूले येशूलाई धरापमा पार्न उहाँसँग प्रस्न गरेका थिए। त्यो मत्ती १९:३-९मा पाइन्छ। मत्ती ५:३१,३२लाई समेटेर उहाँको आधिकारिक जवाफ हेर्नुहोस्: “३ फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, “के कसैले कुनै कारण पत्नीसँग विवाहविच्छेद गर्न उचित छ?” ४ तर उहाँले भन्नुभयो, “के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, ५ र भन्नुभयो, ‘यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।’ ६ ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।” ७ तिनीहरूले उहाँलाई भने, “मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए?” ८ उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन। ९ म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारको कारणबाहेक आफ्नी पत्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ।” मत्ती ५:३१,३२ “३१ “यसो पनि भनिएको छ, कि ‘जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले तिनलाई त्यागपत्र लेखिदेओस्।’ ३२ तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ।"

व्यवस्था २४:१लाई नै सम्झेर मत्ती ५:३१ र मत्ती १०:७मा येशूले चर्चा गरिरहनुभएको थियो। यस पदलाई वाख्या गर्न येशूको समयमा रब्बी अर्थात् धर्मगुरूहरूका दुई अध्यात्मिक केन्द्रहरू थिए जसले दुवै किसिमले अर्थ लगाउँथे: आफ्नो श्रीमतीलाई मन परेन भने जुनसुकै बहान गरेर त्याग्नुपर्छ भन्ने हिलेल केन्द्रले वाख्या गर्दथ्यो भने शारीरिक अनुचित सम्बन्धको प्रमाण भेट्टियो भने श्रीमतीसँग सम्बन्ध विच्छेद गर्नु उचित छ भनेर वाख्या गर्दथ्यो। येशू कुन् अध्यात्मिक केन्द्रको समर्थन गर्नुहुन्छ सो सार्वजनिक गरोस् भनेर फरिसीहरूले

उहाँलाई प्रश्न गरेका थिए। त्यो उहाँलाई फसाउने प्रश्न थियो। विवाह गरेको व्यक्तिसँग पारपाचुके होस् भन्ने परमेश्वरको सुरूको योजना थिएन भन्ने कुरालाई ती पण्डितहरूले ख्याल गरेका थिएनन्। त्यसैकारण येशूले भन्नुभयो "परमेश्वरले जुटाउनुभएको सम्बन्धलाई छुटाउन कसैको अधिकार छैन।"( मत्ती १०:६ रुपान्तरित)। फेरि पछि "यदि कोही स्त्री अशुद्ध छ भने उनलाई सम्बन्ध बिच्छेदको प्रमाणपत्र देओस् (व्यवस्था २४:१ रूपान्तरित) भनेर परमेश्वरले किन अऱ्हाउनुभयो?" भनेर फरिसीहरूले उहाँलाई सोधेका थिए। त्यस पदमा भएको तिनीहरूमा भएको गलत धारणालाई ख्रीष्टले सच्याउनुभएको थियो। विवाह पवित्र छ र स्थायी हो भनेर उहाँले जिकिर गर्नुभएको थियो। परपुरुष वा परस्त्रीगमनमात्र अशुद्ध छ र त्यस अवस्थामा मात्र पारपाचुकै गर्नु उचित छ भनेर परमेश्वरले भन्नुभएको थियो भनेर येशूले व्याख्या गर्नुभएको थियो। (उहाँले सम्बोधन गर्नुभएको यौन अशुद्धपना ग्रीक भाषामा पोर्निया जसबाट पोर्नग्राफी भन्ने शब्द आउँछ हो)।

**हामीहरूले हात काट्नु पर्छ वा आँखा निकाल्नुपर्छ भन्ने येशूको चेतावनीलाई हामीले कतितको गम्भिररूपमा लिइरहेका छौं? पापले हामीहरूको अनन्त भविष्यलाई कसरी तहसनहस पार्न सक्छ भन्ने येशूको त्यस चेतावनी कतिको ठूलो रहेछ भनेर के हामीले सोचेका छौं? यदि त्यो चेतावनीले हामीलाई तर्साउँछ भने त्यो असलै हो। किनभने पापदेखि खेलबाड गर्दा हामी तर्सिनै पर्छ।**

## ४. येशू र पाँचौं आज्ञा (मर्कूस ७:९-१३)

अर्को फेरा जब शास्त्री र फरिसी पण्डितहरूसँग येशूको भेटभयो तब तिनीहरूले उहाँसँग फेरि वहस गर्न थालेका थिए (मत्ती १५:१-२०, मर्कूस ७:९-१३)। यहूदी धर्मगुरूहरूले मानेका परम्पराहरू जुन् मोशाको व्यवस्थामा थिएन, त्यसको विषयलाई लिएर तिनीहरूले उहाँसँग बहस गरेका थिए। खाना खानु भन्दा अघि औपचारिक रूपमा हात धोएर खानु परम्परालाई तिनीहरूले उहाँसँग सोधेका थिए। त्यो हात धुने परम्परा हात सफा गर्नको नभएर धार्मिक विधि अपनाउन वा खाना खानुभन्दा अघि आफूलाई शुद्ध बनाउन नामधारी सफा थियो। जब येशूका चेलाहरूले खाना खाएका थिए तब तिनीहरूले त्यो धार्मिक

औपचारिक विधि अपनाएका थिएनन्। जब पण्डितहरूले त्यो देखे, तिनीहरूले येशूसँग चेलाहरूले हात नधोइ खान थालेकोले हात नधोइ किन खाए भनेर विवाद गरेका थिए। त्यसको तुरन्तै जवाफमा तिनीहरूले नै अपनाएका अर्को परम्परालाई औँल्याउँदै येशूले प्रतिप्रश्न गरेका थिए। त्यो पाँचौं आज्ञाको उल्लङ्घनको बारेमा थियो। ख्रीष्टले प्रस्तुत गर्न खोज्नु भएको तर्क थाहा पाउन फरिसीहरूको कोरबान भन्ने परम्पराको बारेमा जान्नु आवश्यक छ। कोरबान (Corban)को अर्थ उपहार हो। जब कसैले कुनै वस्तुलाई लिएर कोरबान भन्छ भने त्यसले शपथ खाएको बुझाउँथ्यो। त्यो चाहिँ परमेश्वर र मन्दिरलाई समर्पण गरेको देखाउँथ्यो।

**फरिसीहरूले चलाकीपूर्वक पाँचौं आज्ञालाई लत्याएका थिए। तर कुनै वस्तु परमेश्वरलाई समर्पण गर्नु (प्रस्थान २३:१५, ३४:२०) र परमेश्वरको सामु शपथ खाएर पवित्र बनाउनु कतिको महत्त्वपूर्ण छ (व्यवस्था २३:२१-२३) भन्नु सोच्नु जरुरी छ। फरिसी पण्डितहरू येशूसँग कस्तो विवादमा फसेका थिए? हेर्नुहोस् मर्कूस ७:५-१३ "तब फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे, "तपाईंका चेलाहरू पितापुर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन्?" ६ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ।**
**७ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।' ८ तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।" ९ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ। १० किनभने मोशाले भनेका छन्, 'आफ्ना आमा-बुबालाई आदर गर, र जसले आमा-बुबाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ।' ११ यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो,' (अर्थात् परमेश्वरलाई चढ़ाइएको) भन्छ भने, १२ तिमीहरू त्यसलाई आफ्ना आमा-बुबाको निम्ति फेरि केही गर्न दिँदैनौ। १३ यसरी तिमीहरू**

**आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ।"**

आमाबाबुलाई उचित सहयोग गर्नबाट पन्छिन ती पण्डितहरूले ठिक्क खालको बहाना निकालेका कुरालाई येशूले भन्डाफोर गर्नुभएको थियो। ती धर्मका गुरूहरूले पेन्टाटुक अर्थात् पुरानो करारको मोशाको प्रथम् पाँच पुस्तकहरूमा लेखिएको ठोस नीतिहरूलाई मानिसले सृजना गरेका नीति वा आज्ञाहरूले साटेका थिए। तिनीहरूले परिवर्तन गरेका वा अपनाएका आफ्ना नीतिनियम र संस्कारहरू परमेश्वरको दश आज्ञाहरूमा कोरेका एउटा आज्ञाभन्दा महत्त्वपूर्ण छ भनेर ती धर्मका गुरूहरूले सोचेका थिए।

मानिसहरूले बनाएका परम्पराहरूले परमेश्वरको व्यवस्थाको मर्मलाई ती धर्मका पण्डितहरूले अवज्ञा गरेको भनेर येशूले विरोध गर्नुभएको त्यो प्रथम् पल्ट थिएन। उहाँले तिनीहरूको हृदयको शैल्यक्रिया एक पल्ट यसरी गर्नुभएको थियो "ऐ, फरिसी पण्डितहरू हो, न्यायको दिन तिमीहरूको निम्ति कस्तो भयानक हुनेछ! तिमीहरूको बगैंचामा उत्पादन गरेका बाबरी र सानातिनी सागपातहरूको दशांशा परमेश्वरलाई दिन्छौ। तर परमेश्वरलाई प्रेम गर्ने र उचित चालमा हिँड्नचाहिँ तिमीहरूले बिर्सेका छौ। दशांश दिने कुरालाई नत्यागेर तिमीहरूले अन्तिम कुरा (उचित आचरणमा हिँड्ने र परमेश्वरलाई प्रेम गर्ने)लाई पनि तिमीहरूले मान्नुपर्थ्यो (लूका ११:४२ रूपान्तरित)। येशूले भन्न खोज्नुभएको कुरो यही थियो कि ती पण्डितहरूले पहिला आमाबाबुहरूलाई आदर गरेर परमेश्वरले दिनुभएको विधिलाई पनि पालन गर्नुपर्थ्यो। दशांस दिनुबाट तिनीहरू बन्चित हुनुहुन्दैनथ्यो न त आमाबाबुप्रति गरिने कर्तव्यबाट तिनिहरू पन्छिनुहुन्थ्यो।

त्यसैकारण येशूले यशैया अगमवक्ताको वाक्य उदृध गरेर ती फरिसी पण्डितहरूको हृदयको शैल्यक्रिया गर्नुभएको थियो। उहाँले भन्नुभयो "तिनीहरूले मुखले मात्र मलाई आदर गर्छन्। तर तिनीहरूको मन मबाट टाडा छ। तिनीहरूले गरेका आराधना, पूजाआजा मेरो निम्ति बेकारको छ। तिनीहरूले केवल मानिसले बनाएका संस्कारहरूमात्र पालन गर्छन्।" (मत्ती १५:८,९ रूपान्तरित)। ७०० वर्ष पहिले यशैयाले प्रयोग गरेका जस्तै शब्दहरू उहाँले तिनीहरूको खिलाफमा

प्रयोग गर्नुभएको थियो। ख्रीष्टले दश आज्ञालाई समर्थन गर्नुभएको थियो भनेर हामी यहाँ पाउँछौं तर फरिसी पण्डितहरूको मानवनिर्मित विधिविधान वा परम्परालाई उहाँले समर्थन गर्नुभएको थिएन भन्ने कुरालाई हामी यहाँ फेरि पाउँछौं।

**परमेश्वरले निर्धारण गर्नुभएको नीतिलाई पालन नगर्न यताउति बहाना बनाइ तपाईँ कसरी पन्छिन खोजिरहनुभएको छ? धर्मको नाउँमा के तपाईंलाई दिएको स्पष्ट नीतिलाई पन्छाउन खोज्नुभएको छ?**

## ५. येशू र व्यवस्थाको पालन गर्नुपर्ने आवश्यकताहरू (मत्ती १०:१६-२२)

**परमेश्वरको दश आज्ञाहरू र त्यसलाई पालन गर्न कसरी अपेक्षा गरिएको छ भनेर येशूले स्पष्ट रूपमा औंल्याउनुभएको थियो। मत्ती १९:१६-२२मा त्यसको बारेमा विस्तृत रूपमा प्रस्तुत गरिएको पाइन्छ। परमेश्वरका आज्ञाहरू कति फराकिलो छ र त्यसमा कस्तो महत्त्वपूर्ण सत्यलाई हाम्रो सामु औंल्याइएको छ भनेर थाहा पाउन पढ्नुहोस्: "उहाँकहाँ आएर एक जनाले भने, "हे असल गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ? १७ उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" १८ तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।"**

**२० ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" २१ येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" २२ जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो।"**

परमेश्वरका दश आज्ञाहरूलाई अक्षरस र कट्टरपूर्वक पालन गर्‍यो भन्दैमा पापबाट मुक्ति पाइने होइन भन्ने आत्मज्ञान त्यो युवकले

बुझ्न सकेको थिएन। मानिसको मुक्ति त्यो व्यवस्था दिने मुक्तिदाताबाट प्राप्त हुन्छ। इस्राएलीहरूले सुरूदेखि नै त्यो सत्य कुरालाई सिकेका थिए। तर कालन्तरमा तिनीहरूले त्यस आत्मज्ञानलाई बिर्सेका थिए। अब सुरूदेखि के गर्नुपर्थ्यो भन्ने कुरालाई येशूले फेरि प्रस्ताव गर्नुभएको थियो। आज्ञा पालन र पूर्ण समर्पणताको बीचमा एकवैधता छ भनेर तिनीहरूले थाहा पाउनुपर्थ्यो। परमेश्वरमा जीवन समर्पण गर्ने तर आज्ञा पालन नगर्ने वा आज्ञा पालन गर्ने तर समर्पण नगर्ने इसाई असफल वा देखावटी इसाई मात्र हो। "परमेश्वरको आज्ञा पूरा रूपमा पालन गर्नबाट चुक्नु उहाँको सामु अमान्य छ। ख्रीष्टको शिक्षाको आधार नै हामीहरूको स्वार्थलाई उहाँको सामु अर्पण गर्नु हो। प्रायजसो कडा भाषा प्रयोग गरि अनन्त जीवन पाउन कस्तो समर्पण चाहिन्छ भनेर बुझाउन खोजिएको छ। आफ्नो आत्मा वा जीवनलाई नाश गर्ने आनिवानीहरूबाट मानिस फर्कनुको विकल्प अरू छैन भनेर बाइबलले स्पष्ट पारेको छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ५२३बाट रूपान्तरित।

एक दिन फेरि अर्को यहूदी पण्डित समूह सदुकीहरूले येशूसँग विवाद गर्न आएका थिए। तिनीहरूको विवादको विषयवस्तु थियोः पुनरुत्थान। त्यसको बारेमा पनि येशूले तिनीहरूलाई अचम्मित पारेर तिनीहरूको मुख बन्द गर्नुभएको थियो। अब फरीसी र सदुकीहरू मिलेर व्यवस्थाको खिलाफमा येशूले बोलोस् जसले गर्दा उहाँलाई धरापमा पार्न सकियोस् भनेर भनेर तिनीहरू उहाँकहाँ आए। तिनीहरूले एक जना वकिललाई हातमा लिएर येशूसँग प्रश्न गरेका थिए। वकिलमार्फत बोलेका तिनीहरूको प्रस्न थियो, "दश आज्ञाहरूमा सबभन्दा मूख्य आज्ञा के हो।" (मत्ती २२:३५-४०)।

यहूदी धर्मगुरू अर्थात् रब्बीहरूले दश आज्ञाहरूमा कुनचाहिँ बढि महत्त्वपूर्ण छ भनेर त्यसको सूची बनाउन खोजेका थिए। त्यसैलाई आधार बनाएर त्यस वकिलले येशूलाई आफ्नो जिज्ञासा राखेका थिए। तिनीहरूको बीचारमा यदि दुई आज्ञाहरूको बीचमा बाझियो भने एउटा नभएर अर्को आज्ञा महत्त्वपूर्ण हुन्छ भनेर तिनीहरूले निश्कर्ष निकालेका थिए। त्यसको अर्थ कम महत्त्वका आज्ञाको अवज्ञा गर्न ठिकै हुन्छ भन्ने तिनीहरूको सोचाइ थियो। फरिसी पण्डितहरूले दश आज्ञाहरूमा प्रथम्

चार आज्ञाहरू अन्तिम छ आज्ञाहरू भन्दा बढी आदर गर्दथे। तर त्यसो गर्दा सत्य धार्मिक मार्गमा चल्नु भनेको के हो सो जान्न तिनीहरू असफल भएका थिए।

प्रभु येशूले अत्यन्त कुशल तरिकाले जवाफ दिनुभएको थियो। परमेश्वरको आज्ञालाई मान्न पहिला मानिसको हृदयमा प्रेम हुनुपर्छ भनेर उहाँले औँल्याउनुभएको थियो। प्रेम बिनाको आज्ञा पालन वा धर्मकर्म आदि निरर्थक छ र प्रेम बिना परमेश्वरको आज्ञा पालन गर्न पनि सम्भव छैन। जब कोही मानिस परमेश्वरलाई सच्चा हृदयले माया गर्छ भने त्यसले आफ्नो जीवनलाई यसरी ढाल्दछ कि दश आज्ञाको परिधिमा बसेर परमेश्वरको इच्छा अनुसार चल्न उसले रुची राख्दछ। येशूले त्यसैलाई मध्यनजरमा राखेर पछि भन्नुभएको थियो, "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर।" (यूहन्ना १४:१५ रूपान्तरित)।।

**उपसंहार:**

**यस अध्यायलाई अझ राम्रोसँग बुझ्न एलेन जी ह्वाइटको देहायाका सामग्रीहरू पढ्नुहोस्:** *थत्स फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. ४५-७८को "द स्पिरीच्युयालिटी अभ द ल।", *द डिजाएर अभ एजेजको* पृ. ३०७-३१४को "द सेरमन अन द माउन्ट," र पृ.६०६-६०९को "कन्त्रोभर्सी"।

"व्यवस्थाको विषयमा स्पष्ट पार्दै येशूले भन्नुभयो "म व्यवस्थालाई नाश गर्न होइन तर पूरा गर्न आएको हुँ।"...त्यसको अर्थ व्यवस्थाले अपेक्षा गरेको निर्देशनहरू पूरा पालन गर्नु हो। परमेश्वरको सदिच्छालाई सिद्ध रूपमा पालन गरेर चल्नु भनेको के हो भनेर उहाँले अनुकरणीय उदाहरणद्वारा प्रस्तुत गर्नुभएको थियो।...

"परमेश्वरको व्यवस्थाको गरिमालाई प्रज्जल्वित पार्ने येशूको लक्ष्य थियो। सबैको सामु परमेश्वरको व्यवस्था अत्यन्त आदरणीय छ भनेर उहाँले देखाउनुभएको थियो (यशैया ४२:२१)। उहाँले व्यवस्थाको आध्यात्मिक पक्षलाई सिकाउन र यदि त्यसलाई हृदयदेखि सहस्ररूपमा पालन गरे त्यसले अनन्त जीवनतिर डोऱ्याउँछ भन्ने नीतिलाई उहाँले समर्थन गर्नुभएको थियो। परमेश्वर पिता परमेश्वरको सही प्रतिलिपी

येशू हुनुहुन्थ्यो। परमेश्वरको महिमाको र निश्वार्थी मुक्तिदाताको पक्का उदाहरण उहाँ हुनुभएको थियो। परमेश्वरको चरित्र र उहाँको व्यवस्थालाई जीवितरूपमा उहाँले प्रतिबिम्ब गर्नुभएको थियो। यस संसारमा परमेश्वर पिताको प्रेम देखाउने लक्ष्य लिएर चल्नुभएको थियो। स्वर्गमा जन्मिएको प्रेम उहाँको जीवनले स्पष्ट रूपमा देखाइएको थियो। उहाँको ख्रीष्टिय नीतिले दश आज्ञाहरू वा व्यवस्थामा प्रतिबिम्बित गरेको परमेश्वरको अनन्त पवित्रतालाई स्वच्छ रूपमा दर्शाएको थियो।"-एलेन जी ह्वाइट, *थत्स फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. ४८,४९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. फरिसी अर्थात् यहूदी पण्डितहरूले जस्तै हामी पनि दश आज्ञाहरूलाई पालन गरेर मात्रै मुक्ति पाउँछ भन्ने धारणालाई आत्मसात् गर्ने धरापबाट हामी कसरी उम्किने? फेरि त्यस बखत परमेश्वरलाई प्रेम गरे पुगीहाल्छ नि उहाँका आज्ञाहरूसँग हामीले किन सरोकार राख्ने भन्ने जस्तो मनस्थितिलाई बलियो बनाएर परमेश्वरको विधिको शासनबाट अलगिन बहाना कसरी नबनाउने? व्यवहारिक रूपमा सोचेर एउटा धरापदेखि अर्को धरापबाट जोग्ने उपायहरू ठम्याउनुहोस्।

आ. दश आज्ञाहरूको विरुद्धमा इसाई भनाउँदाहरूले गर्ने विवाद अरू कुनै नभएर सातौं दिन शबाथलाई पालन नगर्ने बहानामात्रै हो भनेर हामीलाई थाहा छ। सुसमाचारको पुस्तकहरूमा दिइएको शबाथ दिनमा येशूले गर्नुभएको चमत्कारिय कामहरूको समिक्षा गर्नुहोस्। तिनीहरूले परमेश्वरको व्यवस्था र शबाथलाई कसरी अनुमोदन गर्दछ? शबाथको औचित्य समाप्त भयो भनेर धुरन्धर इसाई विद्वानहरूको तर्क अर्थाहिन छ भनेर येशूको वचन र कामले कसरी देखाउँछ?

इ. बाइबलका चिन्तकहरूले कहिलेकाहिँ नैतिक वा धर्मी जगतको बारेमा चर्चा गरेको पाउँछौं। त्यसको अर्थ के हो? हामीहरूको जगतमा नैतिक नियम वा विधिमा चल्छ भनेर कसरी थाहा पाउने? के परमेश्वरको विधिको शासन बिना यस जगत नीतिगत चल्न सक्छ र? परमेश्वरको व्यवस्थाले जगतमा विधिको शासन चल्छ भनेर थाहापाएकोले नै त्यसलाई खतम गर्न शैतान किन क्रियाशील भएको छ? त्यसको वाख्या गर्नुहोस्।